# Capacity Building Training of Branch Manager

**2075 Falgun 12, Bharatpur Regional Office**




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय भरतपुरको आयोजनामा मिति २०७५ फाल्गुण १२ गते भरतपुरमा "Capacity Building Training of Branch Manager" सम्पन्न गरिएको छ ।

उक्त तालिममा केन्द्रीय कार्यालयबाट व्यवस्थापकीय स्तरका कर्मचारी र क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रमुख र कार्यक्रम अधिकृतको उपस्थितिमा भरतपुर क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो । तालिममा ७ जना सहभागी रहेका थिए ।



कार्यक्रममा भाखा नाघेको कर्जा, यसको असर, नियन्त्रणका उपायहरु र CIB संग सम्बन्धित कुराहरुको बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । यसका साथै कार्यक्रममा "Documentation and Practices", कर्जा सदुपयोगिता र Case Study सहित परियोजना विश्लेषण र ग्राहक/अन्तवैयक्तिक सम्बन्धको बारेमा पनि शाखा प्रमुखहरुलाई जानकारी गराइएको थियो । कार्यक्रममा भरतपुर क्षेत्रीय कार्यालय अन्तर्गत आ.व. २०७५।७६ को प्रथम ६ महिनामा उत्कृष्ट कार्यसम्पादन गरेको माडी शाखालाई संस्थाको तर्फबाट नगद पुरस्कार रु. ५,००१ का साथै कदर पत्र समेत प्रदान गरिएको थियो ।